चाडपर्व हाम्रा
सांस्कृतिक पहिचान।
मद्यपान र जुवातास
विकृतिका मुहान ॥

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
epraateekdaily.com



निशुल्क प्रतीक दैनिक
पढ्न चाहनुहुन्छ भने लग
अन गर्नुहोस् ।
epraateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० कात्तिक २३ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 November 09 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७७

## बाराको घटना पर्सामा दोहोरियो
# सशस्त्रले समातेको धान सशस्त्रले लुटाएको आरोप

धर्मेन्द्र चौरसिया, पोखरिया, २२ कात्तिक/

सशस्त्र प्रहरी मधेस प्रदेश कार्यालयको निर्देशनमा सशस्त्र प्रहरी भिस्वा बन्जारीका सशस्त्र प्रहरी निरीक्षक छविदर लामी नेतृत्वको टोलीले नियन्त्रणमा लिएको भारतबाट भित्रिएको एक टचाक्टर धान छिपहरमाई गाउँपालिकाको भेडिअर्वा टिउकीमा स्थानीयहरूले लुटेको समाचार छ।

भारतको वसन्तपुर नाकासँग जोडिएको पर्साको भेडिअर्वा नाका भएर बुधवार बिहान भित्रिएको टचाक्टरमा लोड धान सशस्त्र प्रहरीले नियन्त्रणमा लिएपछि स्थानीयहरूले सशस्त्र प्रहरीकै उपस्थितिमा लुटेर आआफ्नो घरमा लिएर गएका थिए । सशस्त्र प्रहरीले स्थानीयलाई नियन्त्रणमा लिन भने सकेन तर धान लुटिएको टचाक्टर नियन्त्रणमा लिएको छ। धान लुटिएको क्षेत्र पर्साको सशस्त्र प्रहरी बल बिओपी मिर्जापुर अन्तर्गत पर्छ र त्यहाँको इन्चार्ज सशस्त्र प्रहरी निरीक्षक केशव सुवेदी छन्। सप्रनि सुवेदीको क्षेत्रबाट धान बरामद भएपछि उनीमाथि तस्करी गराएको आरोप लाग्ने भयले सशस्त्र प्रहरीको अघोषित समर्थनमा स्थानीयले धान लुटेको आरोप लागेको छ।

घटना छानबीनका लागि पुगेका सशस्त्र प्रहरी सबैठवाका सशस्त्र प्रहरी नायब उपरीक्षक लाल सिंहले सशस्त्र प्रहरीको टोलीले धानसहितको टचाक्टरबारे सूचना पाएर गएको तर एकजनाको घरमा सो टचाक्टर रहेको र टोली जानुअघि नै टचाक्टरबाट धान अनलोडिङ भइसकेकोले रित्तो टचाक्टर नियन्त्रणमा लिएर मिर्जापुरमा राखिएको बताएका छन् । सप्रनाउ सिंहले टचाक्टरको कागजपत्र माग गरिएको र सो कागजपत्र लिएर अहिलेसम्म कोही पनि नआएको बताए । सशस्त्र प्रहरी बिओपी मिर्जापुरबाट धान र गहुँको तस्करी हुने गरेको आरोप छ।


तस्वीरः प्रतीक

आजको घटनाबारे बुझ्नका लागि सप्रनि सुवेदीलाई मिर्जापुरबाट सशस्त्र प्रहरी गण नं १३ वीरगंज हेडक्वार्टरमा तानिएको छ र सो ठाउँमा आजै कपिल गिरीलाई पठाइएको सशस्त्र प्रहरी उपरीक्षक कृष्ण कर्माचार्यले बताए । उनले धान लुटिएको कुरा आएकोले सो बारेमा बुझ्नका लागि सप्रनि सुवेदीलाई बोलाएको र घटनाको अनुसन्धानपछि मात्र थप कुरा बताउन सकिने बताए।

स्रोतका अनुसार सशस्त्र प्रहरी मधेस प्रदेश कार्यालय प्रमुखसमक्ष गुनासो गएको र सोही आधारमा भिस्वा बन्जारीका सप्रनि लामी नेतृत्वको टोलीलाई आज बिहान मिर्जापुरमा खटाइएको थियो।

यस प्रकारको घटना हालै केही महीनाअघि बारामा घटेको थियो, जसमा अनुसन्धानपछि सशस्त्र प्रहरीका स्थानीय प्रमुखको इशारामा सशस्त्रले बरामद गरेको धान स्थानीयले लुटेको पुष्टि भएको थियो।

## हरियो तरकारीको मोल खस्किँदै, किसानहरू चिन्तित

रामेश्वर मेहता, सिम्रौनगढ, २२ कात्तिक/

हरियो तरकारीखेतीका लागि प्रसिद्ध बारा जिल्लाको सिम्रौनगढ बताए । माग कम र उत्पादन बढी भएकोले हरियो तरकारीको मोल अहिले खस्किएको उनले बताए।


तस्वीरः प्रतीक

नगरपालिकाका किसानहरू अहिले हरियो तरकारीको मूल्य नपाउँदा लगानी डुब्ने चिन्ताले पिरोलिएका छन्।

यहाँका किसानहरूले लगाएको नगदेबालीको रूपमा रहेको काउलीको बजार भाउ निरन्तर गिर्दो छ। दशैंसम्म प्रतिकिलो रु सयमाथि बिक्री भएको काउली अहिले सिम्रौनगढको थोक र खुद्रामा पनि रु २० मा बिक्री भइरहेको छ।

सिम्रौनगढ नपाको रानीबासस्थित नयाँ बजारमा बिहान थोक बजार लाग्छ भने सिम्रौनगढ बजारमा दिउँसो खुद्रा तरकारी बजार लाग्ने गर्छ । स्थानीय खोभारी कुशवाहाले दुवै बजारमा हरियो तरकारी समान दरमा बिक्री भइरहेको

हरियो तरकारीको मोल खस्किएकोले किसानहरूलाई लागत पनि उठ्ने हो कि होइन भन्ने चिन्ताले सताएको स्थानीय किसान राजकुमार कुशवाहा बताउँछन्।

केही दिनअघिसम्म प्रतिकिलो रु ३५ मा बिक्री भएको काउली आज बुधवार रु १५ मा बिक्री भएको उनले बताए। यसैगरी, सिम्रौनगढमा मूला रु १०, रामतोरई रु १५ मा बिक्री भइरहेको उनले बताए।

हरियो तरकारीखेतीका लागि सिम्रौनगढ पहिलेदेखि प्रसिद्ध छ र यहाँ उत्पादित हरियो तरकारी कलैया, वीरगंज, चन्द्रनिगाहपुर, हेटौंडा, सर्लाही, काठमाडौंसम्म पुग्ने गर्छ।

## गिट्टी, बालुवाको तस्करी गर्नेलाई जरिवाना

प्रमोद यादव, पंचगावाँ, २२ कात्तिक/

सखुवाप्रसौनी गाउँपालिका अन्तर्गत पर्ने जमुनिया खोलाबाट अवैधरूपमा गिट्टी, बालुवा, ढुङ्गा तस्करी गर्ने एउटा टचाक्टरलाई रु १० हजार जरिवाना गरिएको छ।

गापा अध्यक्ष यशवन्त यादवले खोलाबाट टचाक्टर नियन्त्रणमा लिएर प्रहरी चौकी रङ्गपुरमा बुझाएका थिए। गापाले बालुवा, गिट्टी चोरी निकासी गरेको कसूरमा टचाक्टर चालकलाई रु


तस्वीरः प्रतीक

१० हजार जरिवाना गरेर छाड्ने अध्यक्ष यादवले बताए।

सो क्षेत्रमा नम्बररहित टचाक्टरहरूबाट बालुवा, गिट्टीको तस्करी हुने गरेको स्थानीयले बताए। जमुनिया खोलाबाट किशोर सहनी र श्रीराम चौधरीले बालुवा, गिट्टीको तस्करी गरिरहेको स्थानीयको आरोप छ।

## चाडपर्वलक्षित पोखरियामा बजार अनुगमन

प्रस, पोखरिया, २२ कात्तिक/

पोखरिया नगरपालिकाकी उपप्रमुख रूबी ठाकुरको नेतृत्वमा बुधवार बजार


तस्वीरः प्रतीक

क्षेत्रमा अनुगमन गरिएको छ । टोलीले कुखुरा, खसीका मासुपसल तथा किराना र कस्मेटिक पसलहरूको अनुगमन गरेको थियो।

अनुगमनको क्रममा पोखरिया बजारमा रहेका मासुपसलहरू अव्यवस्थित तरीकाले सञ्चालनमा रहेका पाइएको थियो।

खुलारूपमा मासु बिक्री भइरहेका कारण फोहर देखिएको तथा झिंगा भन्किरहेको पाइएको उपप्रमुख ठाकुरले बताइन् । उनले मासु बिक्रीको लागि गुणस्तर तथा नापतौल विभागबाट स्वीकृतप्राप्त ढक–तराजु राख्नुपर्नेमा सोविपरीत भारतीय ढक–तराजुको प्रयोग भएको, कतिपयले माटो–ढुङ्गालाई ढकको रूपमा प्रयोग गरेका पाइएको बताइन्।

उनले सर्वत्र २४० देखि २८० प्रतिकिलो बोइलर कुखुराको मासु बिक्री भइरहेकामा पोखरियामा ३२० देखि ३८० सम्ममा बिक्री भइरहेको पाइएकामा विक्रेतालाई आजदेखि प्रतिकिलो रु २८० भन्दा बढीमा बिक्री नगर्न निर्देशन गरेको बताइन्।

यसैगरी, खसीको मासु बिक्री गर्दा बाख्राको मासु नमिसाउन र पम्पबाट हावा भरी पानीको प्रयोग नगरी मासु बिक्री गर्न निर्देशन दिएको बताइन्। उनले यी सबै कार्य एक साताभित्र सुधार नभए सो अवधिपश्चात् अनुगमन भएमा कसूरवारलाई कारबाई गरिने चेतावनी दिइन्।

पोखरियामा छालासहितको खसीको मासु प्रतिकिलो रु ८०० र छालारहित खसीको मासु एक हजारमा बिक्री हुन्छ।

यसैगरी, उपप्रमुखको टोलीले बजार क्षेत्रमा रहेका किराना र कस्मेटिक पसलहरूको पनि अनुगमन गरेको थियो। अनुगमनको क्रममा केही पसलमा मिति नाघेका खाद्यान्न बिक्री भएको पाइएकाले त्यसलाई नष्ट गरिएको उपप्रमुख ठाकुरले बताइन्। उनले मिति नाघेको खाद्यान्न, कस्मेटिक सामान बिक्री नगर्न चेतावनी दिएको र उनीहरूलाई पनि एक साताको समयभित्र सुधार गर्न समय प्रदान गरिएको बताइन्।

अनुगमनमा निमित्त प्रमुख प्रशासकीय अधिकृत विजय श्रीवास्तव, पशुसेवा शाखा प्रमुख शैलेन्द्र झा, सामाजिक शाखा प्रमुख वाल्मीकि साह, शिक्षा शाखा प्रमुख विजय झालगायतको सहभागिता थियो।

## शिखर इन्स्योरेन्सको आयोजनामा ४२ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २२ कात्तिक/

शिखर इन्स्योरेन्स वीरगंज शाखाको आयोजनामा आदर्शनगरमा रक्तदान



तस्वीरः प्रतीक

कार्यक्रममा ४२ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए।

इन्स्योरेन्स कम्पनीको वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा श्रीराम पटेल, मुन्ना सर्राफ, विजय चौधरी, विशाल सहनी, दीपक श्रीवास्तव, सुगम सिंह, राहुल कुमार, राजेश पण्डित, दिनेश पटेल र रञ्जीत यादवले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका सहायक कुमार दाहालले बताए।

**रगत सञ्चय पनि छैन, अभाव पनि छैन**

रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले केन्द्रमा तत्काल रगतको अभाव नरहेको र सञ्चय पनि नरहेको बताएका छन्। चाडपर्वको समयमा रक्तदान कार्यक्रमहरू कम हुने हुँदा दशैंताका केन्द्रमा रगतको अभाव भएको थियो। सबै समूहका रगत अभाव रहेकामा दशैंपछि रक्तदान कार्यक्रम नियमितरूपमा भइरहेका कारण अहिले रगतको अभाव नरहेको प्राविधिक प्रमुख पाण्डेले बताए।

उनले दैनिक करीब ८० पिन्ट रगतको माग भएको र रक्तदान कार्यक्रमबाट सोको पूर्ति भइरहेको बताए। प्राविधिक प्रमुख पाण्डेले छठपूजासम्म रगतको अवस्था यही पारामा चल्ने र त्यसपछि सञ्चय हुन सक्ने बताए। दशैंताका रक्तदान कार्यक्रम प्रभावित भएर रगतको अभाव भएपछि विभिन्न सङ्घसंस्थाले रक्तदान गरेर रगतको अभाव हुन नदिएको उनले बताए।

### विचारसार एवं सूक्तिहरू

**यति प्रसन्न देखिऊ कि बिहानी कसैले भेट्दा उसको दिन उल्लासमय बनोस् ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## मन्दी नलागोस्

**दशैं बित्यो, अर्को ठूलो पर्व दीपावली संघारमा आइपुगेको छ । दीपावलीमा अत्यधिक बिक्री हुने माटाको प्यालाले ग्राहक पाएको छैन । खाद्यान्न तथा लत्ताकपडाको बजार सुनसान छ, ढकमक्क फुलेका सयपत्री फूलले बजार पाएको छैन । कोभिड–१९ पछि हालसम्म नेपालको अर्थतन्त्रले गति लिन सकेको छैन । बेरोजगारको सङ्ख्यामा वृद्धि भइरहेको छ । यसबाट निस्कन नेपालले अर्थतन्त्रमा नीतिगत सुधार गर्न सकेको छैन । देशको अर्थतन्त्र मन्दीको शिकार हुन लागिरहेको छ । मन्दी एउटा आर्थिकचक्र हो, जहाँ आर्थिक क्रियाकलापहरू अपाङ्ग हुन पुग्छन् । आर्थिक वृद्धिदर तथा कुल गार्हस्थ्य उत्पादनमा हुने वृद्धिदर लगातार ह्रास हुन्छ । तरलताको अभाव हुन्छ । लगानीकर्ता निराश हुन्छन् । यस अवस्थामा मूल्यवृद्धि हुन्छ । परिणामस्वरूप वस्तुको मागमा ठूलो मात्रामा ह्रास हुन थाल्छ ।**

**छिमेकी मुलुकहरू चीन र भारत कोभिड–१९ पछि उच्च आर्थिक वृद्धिदर प्राप्त गरिरहेका छन् । दक्षिणतर्फको छिमेकी भारतले उच्च आर्थिक वृद्धिदर प्राप्त गरिरहेको छ । त्यस्तै, उत्तरतर्फको छिमेकी चीनको अर्थतन्त्रले पनि गति लिइरहेको छ । तर यी दुई छिमेकीको बीचमा रहेको नेपालको अर्थतन्त्र मन्दीको शिकार हुने अवस्थामा पुगेको छ । छ दशकपछि नेपाल पहिलोपटक मन्दीको शिकार हुने लक्षणहरू देखिंदैछन् । उत्पादनमा ह्रास, तरलताको अभाव, वस्तुको मागमा ह्रास, बेरोजगारीमा वृद्धि, भुक्तानी सन्तुलनमा जटिलता, उच्च र आर्थिक नीतिगत सुधारको अभावले अर्थतन्त्र ग्रस्त छ । सरकारी तथ्याङ्कले बोलिरहेको छ कि सन् २०२२–२३ को बजेटले नेपालको कुल गार्हस्थ्य उत्पादनमा आठ प्रतिशतले वृद्धिदर प्राप्त गर्ने उद्देश्य लिएको थियो । तर यो आर्थिक वर्षमा आर्थिक वृद्धिदर केवल एक दशमलव नौ प्रतिशत मात्र रहने अनुमान छ । यो अवस्थालाई सरकारले बेवास्ता गरिरहेको छ । यसबाट पर्न सक्ने असरका बारेमा चर्चासम्म पनि गर्न चाहँदैन । विप्रेषणलाई विदेशी मुद्रा सञ्चिति भनेर अर्थतन्त्र बलियो छ भनी मुलुकका अर्थमन्त्री भ्रमको खेती गरिरहेका छन् । नेपाली उपभोक्ताको क्रयशक्ति घटेपछि विदेशी उत्पादनको आयात पनि घटेको छ । विदेशी वस्तुको आयात घटेकोले हामीसँग विदेशी मुद्रा सञ्चिति रहेको हो । मुलुकको अर्थतन्त्रबारे सामान्य जानकारी राख्ने जो कोहीलाई पनि यो कुराको जानकारी छ । भ्रम छर्नमा सरकारले खर्चिने समय अर्थतन्त्रको सुधारमा खर्चिए मुलुकको हितमा हुनेछ ।**

**कोरोनापछि रूस–युक्रेन युद्धको प्रभाव हाम्रो बजार एवं अर्थतन्त्रमा परिरहेको थियो । मुख्यतः पेट्रोलियम पदार्थको मूल्यवृद्धिले ढुवानी र उद्योगको इन्धन खर्च वृद्धि हुँदा हरेक वस्तुको भाउ बढ्न गयो । यसै पनि नेपाली उपभोक्ता सियो, धागो, झाडु, हरियो तरकारीमा समेत विदेशी उत्पादनमा निर्भर छन् । हाल जारी इजरायल र हमासबीचको भिडन्तले पनि हाम्रो अर्थतन्त्रमा कतिपय अवस्थामा प्रत्यक्ष र कतिपयमा परोक्षरूपले असर पुऱ्याइरहेको छ । कुनै पनि मुलुकलाई मन्दीबाट बाहिर निकाल्न सबैभन्दा पहिले त्यसको अर्थतन्त्रमा लगानी बढाउनु आवश्यक हुन्छ । लगानी बढ्यो भने रोजगार सिर्जना हुन्छ, जनताको हातमा पैसा आउँछ र क्रयशक्ति बढ्छ । यतिबेला राष्ट्रिय गौरवको नाममा ठूला योजनाहरूभन्दा पनि बेरोजगारी बनेर मोबाइलमा समय बिताइरहेको जनशक्तिलाई उत्पादनमा प्रयोग गर्न सक्नुपर्छ । बन्द रहेका उद्योग र बाँझो रहेका खेतहरूमा उत्पादन शुरू हुने कार्यक्रम ल्याउनुपर्छ । त्यसैगरी, आयातित एलपी ग्याँस, डिजेल, पेट्रोललाई विस्थापित गरी आफ्नै उत्पादन जलविद्युत् प्रयोग गर्ने नीति ल्याउनुपर्छ । यी सबै कामका लागि सरकारमा इमानदारी प्रमुख कुरा हो ।**

# स्वतन्त्रताको सीमा के होला ?

मानवको दृष्टिकोणले स्वतन्त्रताको खोजी उसको जन्मसँगै भएको विश्वास गरिन्छ । मानिसको उत्पत्ति कहिले भयो भन्नेबारे अनेक मत हुन सक्छ । अध्यात्मवादीहरू भन्छन्–मनुका सन्तान मनुष्य वा मानिस हुन् । ब्रह्माबाट मानिसको सिर्जना भएको हो । अन्य धर्मग्रन्थहरूको विचार फरक हुन सक्छ । विज्ञानले यो मान्यता राख्दछ कि मानवको उत्पत्ति विकासवादी सिद्धान्त अनुसार भएको हो । विकासवादी सिद्धान्तले यो मान्यता राख्दछ कि विभिन्न जीवमा क्रमिक विकास हुँदै आजको मानिसले अस्तित्व पाएको हो । सबै विश्वासले आफ्नो आधार दिइरहँदा सबै विश्वास वा आधारमा स्वतन्त्रताको एउटा युग सन्निहित रहेको, यस कारण पाइन्छ कि सबै मान्यताहरूले एउटा इतिहास ग्रहण गरिसकेका छन् । जब कुनै विश्वासले इतिहास ग्रहण गर्दछ तब त्यसमा विश्वास गर्नेहरू बिस्तारै आआफ्नै उच्च मान्यताले सिंगारिन थाल्दछन् ।

मानव स्वतन्त्र छ । मानव स्वतन्त्र छ ? मानव कति स्वतन्त्र छ ? मानव कसरी स्वतन्त्र छ ? मानवको स्वतन्त्रता सापेक्ष छ कि निरपेक्ष ? यस्ता प्रश्नहरू अनेक किसिमले मानिसको मनमा उब्जिरहन्छ । यो निकै सजिलो कुरो हो कि मानिसको मनमा प्रश्न उब्जन्छ । प्रश्न उब्जने पहिलो तरीका हो – जिज्ञासा र दोस्रो तरीका हो – अभिमान । यदि जिज्ञासा हो भने प्रश्नले मनमनै उत्तरको खोजी गरिरहेको हुन्छ । एक ठाउँमा उत्तर नपाए अन्यत्र खोजी गर्छ । जबसम्म जिज्ञासा शान्त हुँदैन तबसम्म प्रश्न बनेर बरालिरहन्छ वा एउटा नियति बनिरहन्छ । हो, यसले ज्ञानको क्षितिज फराकिलो पार्छ, अज्ञानको आकाश साँघुरो बनाउँछ । र, अभिमानको कारण मनमा उब्जने प्रश्नले मानिसको अज्ञान वा अन्धकारलाई अगाडि धकेल्न सहयोग गर्छ । प्रश्नकर्तालाई अज्ञ अभिमानी बनाउन सहयोग गरेको हुन्छ । अभिमानी मानिसको स्वतन्त्रताको सीमा अभिमान नै हुन्छ । उसो भए ज्ञानीको स्वतन्त्रताको सीमा के ?

सामान्यतया स्वतन्त्रतालाई राजनैतिक स्वतन्त्रतासित जोडेर अर्थाइएको पाइन्छ । यो अस्वाभाविक होइन । जहाँ राजनैतिक स्वतन्त्रता हुन्छ, त्यहाँ मानव अधिकारको कुरा पनि आउँछ । मानवीय स्वतन्त्रतासित मानव अधिकारको पक्ष पनि नैसर्गिकरूपमा गाँसिएको हुन्छ । यद्यपि मानव अधिकारलाई पनि परिवेश अनुसार परिभाषित नगरिएको होइन । परिभाषा, अर्थ र क्षेत्र व्यापक हुँदाहुँदै पनि मानव अधिकारका जुन आधारभूत पक्षहरू छन्, त्यसमा स्वतन्त्रता पनि एक हो भन्ने रहेको छ । स्वतन्त्रतामा मानिसको पहुँच कति

### स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**स्वतन्त्रता त मानिसलाई जन्मजात प्यारो हुने कुरो हो तर यसको अर्थ जन्मनासाथ कोही आमाबाट पूर्णरूपमा अलग्गिन सक्छ ? यस कारण स्वतन्त्रतासित पनि केही नैसर्गिक प्रतिबन्धहरू रहेका छन्, जसलाई हामी सीमा मान्न सक्दछौं ।**

हुन सकेको छ वा कुन किसिमको पहुँचलाई सम्पूर्णतः स्वतन्त्रताको पक्ष मानेर हेर्न सकिन्छ ? कुनै मानिस पूर्णरूपमा स्वतन्त्र हुनु भनेको अन्य सम्पूर्ण मानिसबाट नितान्त एक्लो भई नितान्त एकान्तमा पुग्नु हो ? कि जसलाई कुनै किसिमको अवरोध हुँदैन त्यो मानिस स्वतन्त्र हो ? एउटा परम्परागत तर्क यो पनि छ कि मानिस स्वतन्त्र जन्मन्छ तर जन्मेपछि उसले आफूलाई विभिन्न जन्जीरमा बाँधिएको पाउँछ । कानून, सामाजिक व्यवहार, धर्म, संस्कृति आदि मान्दै गरेर मात्र मानिसले आफूलाई हुर्काउनुपर्ने हुन्छ । यस्ता परिबन्दहरू सीमा हुन् कि स्वतन्त्रताका सहायक ?

हरेक देशमा संविधान छ । हरेक संविधानले मानव अधिकार तथा स्वतन्त्रताको पक्षमा आफ्नो देशका नागरिकलाई अधिकार प्रदान गरेको हुनुपर्छ । संविधानले दिने मानव अधिकार तथा स्वतन्त्रताको अधिकार केवल राजनीतिक भने पक्कै होइन । आफ्नो संस्कृति र परिवेश अनुसार स्वतन्त्रताका आधारभूत पक्षलाई स्वीकार गरेकै हुनुपर्छ । स्वतन्त्रता त मानिसलाई जन्मजात प्यारो हुने कुरो हो तर यसको अर्थ जन्मनासाथ कोही आमाबाट पूर्णरूपमा अलग्गिन सक्छ ? यसकारण स्वतन्त्रतासित पनि केही नैसर्गिकप प्रतिबन्धहरू रहेका छन् जसलाई हामी सीमा मान्न सक्दछौं । स्वतन्त्रता पनि यही सीमाभित्र वा सीमाको सापेक्षतामा मात्र सम्भव छ, होइन भने स्वतन्त्रताको तात्पर्य सापेक्षित स्वच्छन्दता हो, निरपेक्ष उन्मुक्तता होइन ।

आकाशमा उडिरहेको पक्षीको पनि उड्ने सीमा हुन्छ । स्वच्छन्दता नै चराको स्वतन्त्रता होइन वा स्वतन्त्रताले मात्र उसलाई नपुग्न सक्छ । उडिरहन मात्र सक्दैन, कतै न कतै बस्न उसलाई आधार चाहिन्छ । आधारको पनि सीमा हुन्छ । शायद यसैले होला, कोही दम्पती विवाह गरेको केही वर्षसम्म यदि स्वेच्छाले सन्तान जन्माउन चाहँदैन भने उसलाई उसको नजीकको जसकसैले विभिन्न प्रश्न सोधिरहन्छ । कोही दम्पती सन्तान नै नजन्माउन पाउनु उसको स्वतन्त्रता त हो नि तर यो स्वतन्त्रताको पनि सीमा हुँदैन र ? कोही दम्पती स्वतन्त्र छ भन्दैमा कति सन्तान जन्माउने ? यसको लागि पनि दम्पतीले अहिले परिवेशमाथि विचार गर्न थालेको छ । अबको परिवेशले यसको उत्तर कसरी दिइरहेको छ ? मनोविज्ञान र तिनको पेशाले कस्तो जवाफ दिइरहेको छ, त्यसमा निर्भर हुन थालेको छ । अर्थात् सबै कुरा सापेक्ष हुन्छ, निरपेक्ष ज्यादै कम । यस कारण स्वतन्त्रताको सवालमा पनि यो सापेक्षता निर्भर हुन्छ । अहिले पनि साँझ वा रातको बेला छोरी मानिसलाई पाँच किलोमिटरको बाटो एक्लै जानु छ भने तिनका अभिभावकले सयचोटि सोच्ने अवस्था छ, तर यही कुरो छोरा मानिसको सवालमा ज्यादै कम हुन्छ । यस प्रकारको परिस्थितिजन्य बाध्यताले स्वतन्त्रताको मापदण्डलाई कति सीमित बनाइदिन्छ ।

यदि कसैले धर्म परिवर्तन गर्दछ भने यो कुरा बुझ्न सजिलो छैन कि ऊ कुन वंशको भयो ? कि ऊ आफ्नो वंशको प्रथम नागरिक भयो अर्थात् सम्पूर्णतः स्वतन्त्र भयो ? कोही कसरी पूर्णरूपमा निरपेक्ष स्वतन्त्र हुन सक्छ ? आमा बुवा, आफन्त, समाज र परिवेश सबै त हुन्छ, मान्छेको । यिनीहरूविनाको स्वतन्त्रता कि यिनीहरूसमेतको स्वतन्त्रता ? अनि स्वतन्त्रताले दिने अर्थ के हो ? कुनै प्रकारको 'शासनिक बाधा, बन्धन आदि नभई उचित कार्य र व्यवहार गर्न पाउने अधिकार वा स्वातन्त्र्य' स्वतन्त्रता शब्दको कोशीय अर्थ रहेको छ । स्वतन्त्रताको यस अर्थले पनि अनेक सीमा तोकेको छ । कुनै प्रकारको शासनिक बाधा वा बन्धन नहुने परिवेशमा उचित कार्य र व्यवहार गर्न पाउने अधिकार भनेको छ । जे मन लाग्यो र जसरी मन लाग्यो त्यो गर्नु उचित हुन सक्दैन । कार्यको औचित्य हुनुपर्छ । मनलाग्दो स्वच्छन्दता उचित हुन सक्दैन । उचित कार्य र व्यवहारले अरूलाई अनुचित पर्न नदिने वातावरणको माग गर्दछ । आफू उचित गरेको मान्ने र अरूलाई अनुचित लाग्ने हो भने अरूलाई अनुचित लागेको अंशसम्म अरूको स्वतन्त्रतामा बाधा उत्पन्न गरेको हो । यसका केही मापदन्ड वा सीमा छन्, अर्थात् स्वतन्त्रताले स्वाभाविकरूपमा, जन्मजातरूपमा, नैसर्गिकरूपमा सीमा तोकेर अर्थबोध दिएको हुन्छ ।

स्वतन्त्रताको विपरीत भाव 'अस्वतन्त्रता' हो जसले स्वतन्त्रताको अभाव, परतन्त्रता वा पराधीनता भन्ने अर्थ दिन्छ । स्वतन्त्रताको तुलना परतन्त्रता वा अस्वतन्त्रतासित गर्न सकिंदैन । त्यो कथा धेरै लोकप्रिय रहेको छ जसमा दुई कुकुर दुई देशबाट फर्किरहेका थिए निराश भएर जसको भेट दुई देशको सीमामा हुन्छ । एउटाले आफ्नो निराशाको कारण बताउँछ खान पाउने तर भुक्न नपाउने अवस्था र अर्कोले निराशाको कारण बताउँछ भुक्न पाउने तर खान नपाउने । एकले अर्कोलाई सम्झाउँछन् कि तिम्रो अवस्था राम्रो छ । हो, स्वतन्त्रता अत्यन्त प्यारो हुन्छ र हामी नेपाली त गर्वले भन्ने गर्दछौं – धरतीको जन्म भएदेखि र पृथ्वीमा राज्यको अवधारणा आएदेखि नेपाल स्वतन्त्र छ, कसैको कहिल्यै गुलाम नभएको देश नेपाल हो । विश्वको इतिहासमा पनि यस कुराको पढाइ हुन्छ । हामी साँच्चीकै स्वतन्त्र छौं, जन्मजात स्वतन्त्र छौं । यसैले स्वतन्त्रताबारे कसैले नेपालीलाई सोध्यो भने नेपालीले जति स्वतन्त्रताको मूल्य अरू कसैले बखान गर्न सक्दैन होला । स्वतन्त्रताको उपयोग हामीले गरिरहेका छौं ।

अब स्वतन्त्रताको सीमा कति भन्ने विषयमा पनि हामीले गम्भीर हुनुपरेको छ । हामी, हरेक व्यक्ति, व्यवहारमा पनि निकै स्वतन्त्र भइसक्यौं कि ? 'मेरो व्यक्तिगत स्वतन्त्रता मेरो वा मेरो परिवारको लागि कति फलदायी छ' यसरी पनि विचार गरौं । एउटा सामान्य बालक यदि म विद्यालय जान्नँ भन्दछ र यसमा कसैको दबाब सहन तयार छैन, म स्वतन्त्र छु भन्दछ वा विद्यालय गएर पनि म पूर्ण स्वतन्त्र नागरिक हुँ, त्यसैले विद्यालयको कुनै अनुशासन वा आचारसंहिता मान्दिनँ भन्न थाल्दछ भने उसले स्वतन्त्रतालाई कुन रूपमा बुझेको हुन्छ ? आफ्नो लागि निर्बाध स्वतन्त्रता र अरूको लागि बन्धनैबन्धनको स्वतन्त्रताको कल्पना गर्न सकिंदैन ।

# कोप-२८ : नेपालको आफ्नै 'पेभिलियन' भएपछि मुद्दा उजागर गर्न सहज हुने

काठमाडौं, २२ कात्तिक/रासस

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको २८औं सम्मेलन (कोप–२८) आगामी मङ्सिर १४ देखि २६ गते (नोभेम्बर ३० देखि डिसेम्बर १२ तारिख)सम्म हुँदैछ ।

संयुक्त अरब इमिरेट्स (युएई)को दुबईमा हुन लागेको सम्मेलनको तयारीका लागि वन तथा वातावरण मन्त्रालयले तीव्ररूपमा काम थालेको छ । मन्त्रालयले सम्मेलनमा नेपालका तर्फबाट उठाउनुपर्ने विषयको तयारीका लागि जलवायु वित्त, अनुकूलन, पर्वतीय प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धि, हानि र नोक्सानी, लैङ्गिक, युवा, बालबालिका, जलवायु सशक्तीकरण, जलवायु परिवर्तनका असर न्यूनीकरण गरी छ बुँदामा केन्द्रित रहेर विज्ञ समूह गठन गरी सुझाव सङ्कलन गरेको छ ।

यसैगरी, यसपटकको सम्मेलनमा आफ्ना कार्यक्रम गर्नका लागि नेपालले सम्मेलन परिसरमा 'पेभिलियन' (बृहत् मण्डला) स्थापना गर्दैछ । गत वर्ष इजिप्टको सार्म अल शेख शहरमा भएको कोप–२७ सम्मेलनमा नेपालले पहिलोपटक सम्मेलन परिसरभित्र आफ्नो सम्पर्क कार्यालय स्थापना गरेको थियो ।

नेपालले आफ्नै पेभिलियन हुने भएपछि मन्त्रालयले केही समयअघि आह्वान गरेको सूचनाबमोजिम नेपालस्थित धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कार्यक्रम गर्नका लागि आवेदन दिएका थिए । त्यसमध्ये मन्त्रालयले छनोट गरी कार्यक्रमको अन्तिम रूपरेखा प्रदान गरेको मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा बुद्धिसागर पौडेलले जानकारी दिए ।

मन्त्रालयको तालिका अनुसार 'पेभिलियन'मा डिसेम्बर ३ देखि ११ तारिखसम्म दैनिक चार कार्यक्रमका दरले विभिन्न विषयका ३२ भन्दा बढी कार्यक्रम हुने निश्चित भएको छ । यसरी नेपालले उजागर गर्ने विषयमा नै जोड पुग्ने गरी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाले कार्यक्रम गर्न लागेको यो इतिहासमैं पहिलोपटक हो ।

पेभिलियनमा हुने कार्यक्रमले नेपालका मुद्दामा विभिन्न कार्यक्रम गर्न सकिने र आफ्ना मुद्दा प्रदर्शन गर्न ठूलो सहयोग पुग्ने यस क्षेत्रका जानकारहरूको भनाइ छ । यसरी कार्यक्रम गर्दा नेपालमा जलवायु परिवर्तनका समस्याले पारेको असर र समाधानका उपाय पहिल्याउन, यस सम्बन्धमा नेपालमा भएका असल अभ्यास अन्तर्राष्ट्रिय समुदायसमक्ष राख्न उपयोगी हुनेछ । साथै जलवायुजन्य समस्या समाधानका लागि जलवायु वित्त जुटाउन, नेपालको वास्तविक अवस्थाका र प्रतिबद्धता जनाउन पेभिलियन उपयोगी हुने मन्त्रालयको विकास सहायता समन्वय शाखाका उपसचिव ज्ञानेन्द्र मिश्रले जानकारी दिए ।

यस्तै, पेभिलियनमा सञ्चालन गरिने कार्यक्रमले नेपालका स्थानीय मुद्दा र जलवायु परिवर्तनले प्रभाव पारेको विषयलाई प्रमाणसहित अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्न मदत पुग्ने प्राक्टिकल एक्सन संस्थाका जलवायु विज्ञ धर्मराज उप्रेतीले बताए । पेभिलियनमा नेपालीभन्दा बढी विदेशी विज्ञहरूको उपस्थिति हुने अनुमान गर्दै उनले यसले नेपालका मुद्दा सुनुवाइसमेत प्रभावकारीरूपमा हुने विश्वास व्यक्त गरे ।

जलवायु परिवर्तनले विभिन्न क्षेत्र र समुदायमा पारेका असरबारे विभिन्न संस्थाले फरक–फरक विषयमा फरक–फरक कार्यक्रम गर्दा सरकारलाई समेत सबै विषय समेट्न सहज हुने बताइएको छ ।

सन् १९९४ मा जलवायुसम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि महासन्धिका पक्षराष्ट्रको विश्वव्यापी सम्मेलन हुँदै आएको छ । सन् १९९५ मार्च २८ देखि अप्रिल ७ सम्म जर्मनीको बर्लिनमा भएको पहिलो सम्मेलन कोप–१ देखि हालसम्मका सबै सम्मेलनमा नेपालले भाग लिंदै आए पनि आफ्नै पेभिलियन नहुँदा नेपालले अन्य देश र संस्थाका पेभिलियनमा कार्यक्रम गर्नुपर्ने बाध्यता थियो ।

पेभिलियनको खर्च रु एक करोडभन्दा बढी भएपनि वनमन्त्री डा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# भूकम्पपीडितले अझै पाएनन् त्रिपाल

जाजरकोट, २२ कात्तिक/रासस

गत शुक्रवार राति भूकम्प जाँदा सुतिरहेकी नलगाड नगरपालिका–३ की रमिता थापा हतारहतार दुई छोरा, छोरी च्यापेर घरबाहिर निस्किन् । निस्कने क्रममा खुट्टामा चोट लागेर सामान्य घाइते पनि भइन् । उनी अहिले सदरमुकाम खलङ्गाको नयाँ बस्ती सडकको किनारमा त्रिपाल टाँगेर रात बिताउँदै आएकी छन्।


गत शुक्रवार गएको भूकम्पमा परी पूर्णरूपमा क्षति भएको जाजरकोटको भेरी नगरपालिका–३ स्थित जिल्ला मालपोत कार्यालयको भवनबाट सामग्री निकाल्दै नेपाली सेना । तस्वीरः रासस

उनलाई अहिले जुन समयमा पनि भूकम्प गइरहेको र शरीर हल्लिइरहने समस्या देखिएको छ । खुला सडकभन्दा माथि त्रासले जान नसकेकी थापाकी १४ वर्षीया छोरीसमेत राति सुतिरहेको समयमा 'हल्लायो हल्लायो' भन्दै बर्बराउने गरेको रमिताले बताइन् । भूकम्पले मानसिक त्रासमा रहेका सदरमुकामका अधिकांश बासिन्दा अहिले सडक छेउछाउ त्रिपालको सहारामा रातदिन कटाइरहेका छन्। सदरमुकामभन्दा बाहिर घर भएर भाडामा बस्दै आएका सर्वसाधारण भाडाकै घर भत्किएपछि समस्यामा परेका छन् ।

राहत सामग्रीस्वरूप आएको त्रिपाल, अन्य सामग्री घरधनीको नाममा आउने गरेपछि सदरमुकामबाहिर ठेगाना भएका पीडित सबैभन्दा बढी मारमा परेका भेरी नगरपालिका–३ थाप्लेका मिलन चदाराले बताए । वडा कार्यालयमा त्रिपाल माग्न जाँदा घरधनीबाहेक अन्यले नपाउने भनेपछि हैरानीमा परेको उनको भनाइ छ। खुला चौरमा बस्दै आएको मिलनको परिवार अहिले राहत माग्दामाग्दा हैरान भएपछि हाम्रो कोही रहेन छ भन्दै निराश भएका छन् ।

त्यस्तै, अर्का गणेश थापाले वडा कार्यालयमा त्रिपाल माग्न जाादा नपाएको गुनासो गरे । जाजरकोटका प्रमुख जिल्ला अधिकारी सुरेश सुनारलाई पीडा सुनाएपछि एक थान त्रिपाल पाएको उनले बताए । शुरूमा क्षति नामावली सङ्कलन गर्दा हाम्रो पनि नाम थियो, अहिले हाम्रो नाम लिस्टमा छैन भन्दै त्रिपाल नदिने कुरा सुन्दा मार परेको थाप्लेका झलक मल्लले बताए। घर पूर्णरूपमा भत्किएर समस्यमा परेको उनको परिवारले अहिलेसम्म त्रिपालसम्म पाउन सकेको छैन । यो परिवारले घर भत्किएपछि कुनै पनि सामग्री घरबाट निकाल्न नपाएको गुनासो गरेको छ । भूकम्पको केन्द्र रहेको बारेकोट गाउँपालिकामा समस्या रहँदै आएको छ। समयसमयमा भूकम्पको पराकम्प जाने क्रम जारी रहेपछि काममा निस्कने जाँगर नै नचलेको बारेकोट गाउँपालिका–४ का प्रेम बोहराले बताए ।

बालबालिका र वृद्ध सबैभन्दा बढी त्रासमा भएको उनले बताए । घरसँगै विद्यालयसमेत भत्किएपछि बालबालिका थप मानसिक समस्यामा छन् । घर भत्किएको छ र पढ्न जाने विद्यालय पनि भत्किएको छ ।

बिस्तारै विकासको लयमा आउन लागेको जाजरकोटमा भूकम्पले फेरि एकपटक विकासको बाटो बन्द गरिदिएको छ ।

# चीनद्वारा भूकम्पपीडितलाई प्रदान गरिएको राहत सामग्री ग्रहण

गण्डकी, २२ कात्तिक/रासस

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले चीन सरकारले भूकम्पपीडितका लागि प्रदान गरेको राहत सामग्री ग्रहण गरेका छन् ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा बुधवार आयोजित आपत्कालीन सहयोग हस्तान्तरण समारोहमा नेपालका लागि चिनियाँ राजदूत छन् सोङले चीन सरकारले प्रदान गरेका राहत सामग्री उपप्रधानमन्त्री श्रेष्ठलाई हस्तान्तरण गरेका हुन् ।

चीनले पीडितका लागि प्रदान गरेका उच्च गुणस्तरका ब्ल्याङ्केट, टेन्टलगायत सामग्री चीनको छेन्दु विमानस्थलबाट दुईवटा विमानमार्फत आज पोखरा विमानस्थलमा ल्याइएको हो ।

सहयोग हस्तान्तरण समारोहमा उपप्रधानमन्त्री तथा गृहमन्त्री श्रेष्ठले नेपाललाई सङ्कट पर्दा जहिले पनि चीनबाट सहयोग प्राप्त हुने गरेको बताए। नेपाल र चीनबीचको इतिहासदेखिको सम्बन्ध सार्वभौमसत्ता, स्वतन्त्रता र पारस्परिक हितमा आधारित रहेको उनले बताए ।

"नेपालको आर्थिक विकाससँगै सङ्कटको बेला जहिले पनि चीनले सहयोग गर्दै आएको छ। चीन सरकारले हामीलाई सङ्कटका समयमा सहयोग र सहानुभूति प्रदान गर्दै आएको छ," उपप्रधानमन्त्री श्रेष्ठले भने, "विसं २०७२ को भूकम्प, कोभिड महामारी र अहिले जाजरकोटमा गएको भूकम्पका बेला पनि चीन हामीसँगै छ ।"

नेपालका लागि चिनियाँ राजदूत सोङले दुई देशबीचको सम्बन्ध मित्रताको रहेको जनाउँदै सङ्कटमा पनि एकअर्कालाई सहयोग गर्दै अघि बढेको बताए । केही दिनअघि गएको भूकम्पबाट भएको क्षतिप्रति उनले दुःख व्यक्त गरे। "दुःखको बेला नेपाली जनता र नेपाल सरकारसँग चीन साथमा छ," उनले भने ।

चिनियाँ राष्ट्रपतिले नेपालमा भूकम्पबाट भएको क्षतिप्रति घटनालगत्तै नेपालका राष्ट्रपति र प्रधानमन्त्रीलाई समवेदना सन्देश पठाएर पीडित परिवारप्रति सहानुभूति प्रदान गरेका राजदूत सोङले जानकारी दिए ।


उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र नेपालका लागि चिनियाँ राजदूत छन् सोङ बुधवार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा जाजरकोट भूकम्पपीडितका लागि मित्रराष्ट्र चीनबाट उपलब्ध गराएको आपत्कालीन सहयोग सामग्री ग्रहण गर्दै । तस्बिरः कृष्ण दवाडी/रासस

चीनद्वारा भूकम्पपीडितका लागि प्रदान गरिएका राहत सामग्री सशस्त्र प्रहरीले प्रभावित क्षेत्रमा पठाउने तयारी गरेको कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले जानकारी दिए ।

**राहत वितरणमा एकद्वार नीति**

उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले जाजरकोट तथा रूकुमपश्चिमका भूकम्प प्रभावितलाई राहत वितरणमा सरकारले एकद्वार नीति लिएको जानकारी दिएका छन् ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीन सरकारका तर्फबाट भूकम्प प्रभावितका लागि उपलब्ध गराइएको सामग्री बुझेपछि आयोजित पत्रकार सम्मेलनमा उनले विभिन्न दाताले उपलब्ध गराएको सहयोगलाई सङ्कलन गरी तीनवटै सरकारको समन्वयमा एकद्वार प्रणालीबाट भूकम्पपीडितलाई प्रदान गरिनेछ भने ।

उनले भने, "भूकम्पपीडित कोही पनि खुला आकाशमुनि बस्नु नपरोस्, जाडोमा भुइँमा सुत्नु नपरोस् तथा खाद्यान्नविहीन हुनु नपरोस् भन्ने तवरबाट सरकारले काम गरिराखेको छ । यसका लागि आवश्यक व्यवस्थासहित सम्बद्ध पक्षलाई निर्देशन पनि दिइसकेको छ ।" भूकम्पलगत्तै प्रभावित दुवै जिल्लामा सरकारले पाँच/पाँच करोड रुपियाँ उपलब्ध गराइसकेको उनले जानकारी दिए ।

भूकम्पपछि मित्रराष्ट्रबाट सहयोग आउनेक्रम जारी रहेको जनाउँदै उनले सहयोगदाताप्रति धन्यवाद व्यक्त गरे । हाम्रो देश प्राकृतिक विपत्तिले जोखिमयुक्त देश भएको उल्लेख गर्दै उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले जोखिम न्यूनीकरणसँगै जनधनको कम नोक्सानी हुने गरी चनाखो बन्नु अपरिहार्य छ भने ।

भूकम्पलगत्तै पहिलो दिन प्रधानमन्त्री स्वयम् स्वास्थ्यकर्मीको टोली लिएर र दोस्रो दिन आफू स्वयम् पुगी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत वितरणका कामलाई तीव्रता दिइएको उनले जानकारी गराए ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका जहाजमा रु २८ करोड रुपियाँ बराबरका चार हजार छ सय थान ब्ल्याङ्केट र ६०० थान त्रिपाल रहेको जानकारी गराइएको थियो ।

# निर्वाचित संस्था जनताप्रति उत्तरदायी हुनुपर्छ –अध्यक्ष साह

काठमाडौं, २२ कातिक/रासस

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले मुलुकमा अहिले लोकतन्त्रका नाममा पार्टीतन्त्रको विचित्र अभ्यास भइरहेको आरोप लगाएका छन् ।

सिंहदरबारस्थित आफ्नो कार्यकक्षमा पत्रकारसँगको भेटघाटमा उनले निर्वाचित संस्था जनताप्रति नभई पार्टीतर्फ उत्तरदायी हुने घटनाले यसलाई पुष्टि गरेको बताए ।

सांसद एवं पूर्वमन्त्री साहले भने, "राज्यका संयन्त्रमा जवाफदेहिता कमजोर छ। समानुपातिक निर्वाचनको दुरुपयोग भएको छ । लोकतन्त्र दल र समूह हुँदै नेतामा सीमित बन्न पुगेको छ ।"

देशलाई विकास र समृद्धितर्फ लैजान नेताहरूको सोच र व्यवहारमा ठूलो परिवर्तनको खाँचो औंल्याउँदै उनले भ्रष्टाचार र कालोबजारीले मुलुकलाई थिलथिलो बनाएकाले त्यसका विरुद्ध सबै राजनीतिक शक्तिको एकीकृत प्रतिबद्धता चाहिने बताए ।

जनतालाई केन्द्रमा राखी काम गर्ने इच्छाशक्ति भए जतिसुकै चुनौतीका बीच परिणाम दिन सकिने उदाहरण प्रस्तुत गर्दै साहले जनताकै सहयोगमा निर्वाचन क्षेत्रमा तीन सय किमी सडक बनाउन र




२७ हजार घरपरिवारलाई ग्याँससहितको चुलो वितरण गर्न सफल भएको बताए। जनउत्तरदायी, पारदर्शी र कर्तव्य पूरा गर्ने कार्यलाई उच्च महत्त्व दिने हो भने मधेसभित्रको दुर्गम भनेर चिनिएको आफ्नो निर्वाचन क्षेत्रमा भएको विकास अरूका लागि उदाहरण बन्न सक्ने उनले बताए ।

देशको पूँजी पलायन रोक्ने र आउनेलाई सहजता प्रदान गर्ने स्पष्ट नीति नहुँदा अर्थतन्त्र प्रभावित भएको बताउँदै अध्यक्ष साहले राजनीतिक स्थिरता, सदाचार र नेताप्रतिको विश्वास बढाउन सकिएन भने मुलुक निर्माणको अभियानमा चुनौती खडा हुने तर्क राखे।

# जयनगर–बर्दिवास रेलमार्गको तेस्रो चरणको काम चाँडै

धनुषा, २२ कात्तिक/रासस

भारत सरकारको सहयोगमा निर्माण भइरहेको जयनगर–बर्दिवास रेलमार्गको तेस्रो चरणको काम चाँडै शुरू हुने भएको छ ।

नेपाल रेलवे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जन झाका अनुसार रेल विभागले सूचना जारी गर्दै महोत्तरीको भङ्गाहाबाट बर्दिवाससम्म बाँकी रेलमार्ग निर्माण हुन लागेको छ। रेलमार्गमा पर्ने जग्गामा लगाइएको बालीनाली आगामी मङ्सिर १५ गतेभित्र भित्र्याउन विभागले आग्रह गरेको छ ।

विभागले भङ्गाहा (बिजलपुरा)–बर्दिवास रेलमार्ग उपखण्ड एवं पूर्वपश्चिम विद्युतीय रेलमार्ग खण्डमा अधिग्रहण गरिएको जग्गाको मुआवजा वितरणको काम अन्तिम चरणमा रहेको र सो खण्डमा रेलमार्ग निर्माण शुरू हुन लागेकोले अधिग्रहण गरिएको जग्गामा लगाइएको बालीनाली भित्र्याउन आग्रह गरेको हो ।

मङ्सिर १५ गतेपछि बालीनाली लगाएमा किसानलाई त्यसको क्षतिपूर्ति नदिने विभागले जनाएको छ। भारतको जयनगरबाट महोत्तरीको बर्दिवाससम्म रेल सञ्चालन गर्न तीन चरणमा काम भइरहेको छ ।

पहिलो चरणमा जयनगरबाट कुर्थासम्म तथा दोस्रो चरणमा कुर्थाबाट भङ्गाहासम्म निर्माण पूरा भई रेलसेवा सञ्चालनमा आइसकेको छ । तेस्रो चरणमा भङ्गाहाबाट बर्दिवाससम्म मार्ग निर्माण हुन लागेको हो ।


**माटाका सामग्री बनाउँदै** : सिराहाको लहान नगरपालिका–८ मा तिहार तथा छठलाई लक्षित गरी माटाका आकर्षक सामग्री बनाउँदै स्थानीय कुम्हाल समुदाय। तस्वीरः रासस

# नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार

काठमाडौं, २२ कात्तिक/रासस




नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक बुधवार पाँच दशमलव १७ अङ्कले घटेर एक हजार ८६३ दशमलव ९४ को बिन्दुमा कायम भएको हो ।

आज २८८ कम्पनीका ३१ लाख ५७ हजार ६२ कित्ता शेयर ३० हजार ३६४ पटक खरीद–बिक्री हुँदा रु ७८ करोड २७ लाख ४३ हजार २६४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

आजको कारोबारमा विकास बैंक समूह शून्य दशमलव ३८, होटल तथा पर्यटन समूह शून्य दशमलव ६४, लगानी समूह शून्य दशमलव ४३ र निर्जीवन बीमा समूह शून्य दशमलव २३ प्रतिशतले घटेका छन् भने अरू सबै समूहको उपसूचक बढेका छन्। सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह एक दशमलव १६ र अन्य समूह शून्य दशमलव ७३ प्रतिशतले बढेका छन् ।

त्यस्तै, बैंकिङ शून्य दशमलव ३५, वित्त शून्य दशमलव ३३, जलविद्युत् शून्य दशमलव ६५, जीवन बीमा शून्य दशमलव ५१ र लघुवित्त समूह शून्य दशमलव २४ प्रतिशतले बढेका छन् ।

आजको कारोबारबाट सबैभन्दा धेरै ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव ०७ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ३८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सोनापुर सिमेन्टको रु पाँच करोड ६१ लाख ४१ हजार ९८४ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै हिमालयन बैंक प्रमोटर शेयर चार लाख २० हजार ३०४ कित्ता कारोबार भएको छ ।

# सयपत्री फूलखेतीको लागि ‘हब’ बन्दै तनहुँ

तनहुँ, २२ कात्तिक/रासस

नेपालीको दोस्रो महान् पर्व तिहारमा अत्यधिक मात्रामा सयपत्री र मखमली फूलको प्रयोग हुन्छ । तिहारको मुख्य दिन भाइटीकामा दिदीबहिनीले दाजुभाइलाई टीका लगाएपश्चात् माला लगाइदिने प्रचलन छ ।

गाई, गोरु र कुकुर तिहारको अवसरमा पशुलाई समेत फूलको माला लगाएर पूजा गरिने हुँदा तिहारमा सयपत्री र मखमली फूलको अत्यधिक प्रयोग हुने गर्छ । विगतका वर्षमा भारतीय सयपत्रीको माला नेपाली बजारमा प्रशस्त पाइने गरे पनि यस वर्ष नेपाल सरकारले भारतीय माला आयातमा प्रतिबन्ध लगाएपछि नेपाली फूलले राम्रो बजार मूल्य पाउन सक्ने देखिएको छ ।

सयपत्री फूलमा आत्मनिर्भर हुन यहाँका स्थानीय सरकारले किसानलाई अनुदान प्रदान गरी प्रोत्साहन गरेका छन् । जिल्लाका १० पालिकामध्ये आँबुखैरेनी, बन्दीपुर म्याग्दे गरी तीन पालिकाले आफ्नो पालिकाभित्र फूल उत्पादनका साथै प्रवर्द्धनमा सहयोग गर्दै आएका छन् ।

छोटो अवधि र थोरै लगानीमा राम्रो आम्दानी हुन थालेपछि पछिल्लो समय किसान पनि फूलखेतीतर्फ आकर्षित हुँदै गएका छन् । विभिन्न स्थानीय तहमा पनि युवाले सामूहिकरूपमा वा एकलरूपमा सयपत्रीको खेती गरेका छन् । युवाले गरेको सयपत्री फूलको खेतीलाई स्थानीय तहले प्रवर्द्धन गर्न शुरू गरेको छ ।

जिल्लाको आँबुखैरेनी गाउँपालिकामा करीब २६ रोपनी क्षेत्रफलमा गरेको फूलखेतीबाट उत्पादन लिन शुरू गरेको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिए । आँबुखैरेनी–१ स्थित याञ्चोक आमा समूह, आँधीमूल आमा समूह र मित्रता मावि परिसरमा व्यवसायिक फूलखेती गरिएको हो । व्यावसायिक र आयमूलकका साथै सयपत्रीमा पालिका क्षेत्रलाई ‘हब’ बनाउने योजना रहेको उनले बताए ।

याञ्चोकमा ३५ र आँधीमूल आमा समूहका १५ जना जनशक्ति दैनिक खट्दै आएका छन् । उक्त जनशक्तिले फूल टिप्ने र माला बनाउने कार्यमा तल्लीन हुँदै आएका छन् । असोज १५ गतेदेखि फूल टिपेर माला बनाइ बिक्रीसमेत गर्न थालिएको छ । तयार गरिएका एक हजार थान मालामध्ये ५० प्रतिशत बिक्री भइसकेको बताइएको छ ।

महिलालाई फूलखेतीमा आकर्षित गराउँदै आयआर्जनसँग जोड्न सय प्रतिशत अनुदानमा फूलका बिरुवा वितरणदेखि प्राविधिक सहयोग गरेको गाउँपालिका कार्यालयले जनाएको छ । गोरखा, दमौली र काठमाडौंलगायत शहरबाट तिहारको लागि आठ हजार



काठमाडौंको नागार्जुन नगरपालिका–३ स्थित इचङ्गुमा बजारमा बिक्रीका लागि सयपत्री फूल टिप्दै किसान । तस्बिरः रासस

मालाको माग भइसकेको र माग आउने क्रम पनि जारी रहेको उनले बताए ।

“मुख्य याममा गुणस्तर हेरी प्रतिमाला रु ४० देखि रु ७० सम्म बिक्री गर्ने योजना रहेको छ,” उनले भने, “अफ सिजनमा प्रतिमाला खुद्रा रु एक सयदेखि १२० सम्म बिक्री गर्ने लक्ष्य राखिएको छ । पहिलो वर्षको अनुभव रहेकाले प्राविधिक व्यवस्थापन गरिरहेका छौं,” उनले भने, “आउँदो वर्ष समयमैं सुधार गर्नेगरी अहिले पूर्णरूपमा फक्रिएका फूल टिपेर माला बनाइ चिस्यान केन्द्रमा राख्न थालिएको छ ।”

सोही वडास्थित मिलीजुली कृषि उत्पादक सहकारी संस्था लिमिटेडको चिस्यान केन्द्र बिग्रिएकाले गाउँपालिकाले मर्मतसम्भार गरी प्रयोगमा ल्याइएको हो । गाउँपालिकाले अध्यक्षसँग कृषि विकास कार्यक्रम अन्तर्गत महिलालाई फूलखेतीमा आकर्षण गर्न सयपत्री प्रवर्द्धन कार्यक्रमलाई अघि बढाइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । उत्पादनलाई आयआर्जनमा जोडेर स्थानीयवासीको आर्थिकस्तर उकास्ने लक्ष्य गाउँपालिका कार्यालयले लिएको उनी बताउँछन् ।

दुईवटा आमा समूहलाई पहिलो वर्षमा रु ९० हजार अनुदान प्रदान गरे पनि आगामी वर्षदेखि गाउँपालिकाले प्राविधिक सहयोग मात्रै गर्ने योजना रहेको छ । आमा समूहले पहिलो वर्षमा फूलखेतीबाट गरेको आम्दानीलाई बर्सेनि सयपत्री फूल व्यवसायलाई निरन्तरता दिनुपर्ने प्रावधान रहेको छ ।

मित्रता माविको हकमा भने ‘पढ्दै कमाउँदै’ कार्यक्रम अन्तर्गत एकमुस्ट रु तीन लाख अनुदान प्रदान गरी आयआर्जनबाट विद्यार्थीको पठनपाठनमा सहयोग गर्ने लक्ष्य गाउँपालिका कार्यालयको रहेको छ ।

त्यसैगरी, जिल्लाको बन्दीपुर गाउँपालिका–५ थुम्का, कल्चोकलगायतका स्थानमा ४० रोपनी जमीनमा फूलखेती गरिएको छ । विगत केही वर्षदेखि यहाँका स्थानीय किसानले व्यावसायिकरूपमा फूलखेती गर्दै आएका छन् ।

फूलमा आत्मनिर्भर हुँदै आर्थिक क्षेत्रमा समेत सक्षम हुन व्यावसायिक फूलखेतीलाई निरन्तरता दिइएको किसान तामप्रसाद भट्टले जानकारी दिए । “फूलमा आत्मनिर्भर बन्दै बाह्य जिल्लामा निर्यात गर्न सफल भइएको छ,” उनले भने, “अघिल्ला वर्षहरूमा थोरै क्षेत्रफलमा फूल लगाए पनि यस वर्ष चार रोपनी क्षेत्रफलमा खेती गरेको छु ।”

उनले उत्पादित फूल जिल्लाभित्र र नारायणगढमा लगेर बिक्री गर्ने गरेका छ । प्रतिमाला रु दुई सयदेखि ३५० सम्म बिक्री हुने गरेको उनको भनाइ छ । यस वर्ष करीब रु डेढ/दुई लाखसम्मको फूल बिक्री हुने अपेक्षा रहेको किसान भट्ट बताउँछन् । त्यस क्षेत्रका फूल उत्पादक किसानले मुख्य याममा रु एक लाख बढीको बिक्री गर्ने गरेका छन् ।

भारतको तुलनामा नेपालमा फूल उत्पादनमा लागत बढी पर्ने भएकाले चाडपर्वको समयमा भारतबाट आउने फूलको मूल्यसँग प्रतिस्पर्धा गर्न कठिन हुने गरेको अर्का किसान नारायण लामिछानेले बताए । यसपटक सरकारले भारतीय मालालाई आयातमा प्रतिबन्ध लगाएकाले स्वदेशी उत्पादनले प्राथमिकता पाएको बताउँदै उनी भन्छन्, “स्वदेशमैं उत्पादन गर्न सकिने अन्य कृषिजन्य वस्तुहरूमा पनि यसरी नै प्रतिबन्ध लगाएमा नेपाली कृषक प्रोत्साहित हुनेछन् ।”

बिरुवा लगाएको चार महीनाभित्र फूल उत्पादन लिन सकिन्छ । थोरै लगानीबाट राम्रो आम्दानी गर्न सकिने भएपछि यहाँका किसान व्यावसायिकरूपमा यसतर्फ आकर्षण हुँदै गएका छन् । उक्त वडालाई बाह्रै महीना फूल उत्पादन गर्ने क्षेत्रका रूपमा विकास गर्ने योजना बनाएको बन्दीपुर गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताए ।

आगामी वर्षदेखि उक्त वडामा नर्सरी बनाएर गाउँपालिकाले उन्नत जातको फूलको बीउमा अनुदान र प्राविधिक सहयोग उपलब्ध गराइने उनले बताए । उक्त क्षेत्रमा गरिएको व्यावसायिक फूलखेतीको आफूले स्थलगत अवलोकन गरिसकेको अध्यक्ष थापाले बताए । “फूलखेतीबाट आफू प्रभावित भएको बताउँदै अध्यक्ष थापाले आगामी वर्ष समयमैं गाउँपालिकाको सक्रियतामा किसानलाई प्रोत्साहन गर्नेगरी काम गरिने छ,” उनले भने ।

त्यसैगरी, म्याग्दे गाउँपालिका–५, स्थित ठूलोखेतमा स्थानीय सुसन पौडेलले करीब चार रोपनी क्षेत्रफलमा सयपत्री फूलखेती गरेका छन् ।

म्याग्दे गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को पुष्पखेती विकास कार्यक्रम अर्न्तगत पौडेलले पालिकाबाट प्राप्त रु ५० हजार अनुदानसहित कुल रु ८० हजारको लगानीमा सयपत्री फूलखेती गरेका हुन् । चाडपर्वका अवसरमा बर्सेनि लाखौं रुपियाँ विदेशिने हुँदा स्थानीय बजार र आवश्यकतालाई दृष्टिगत गरी तिहारमा खपत हुने फूल उत्पादनमा लागेको पौडेलले बताए ।

स्वदेशी उत्पादनसँगै स्वरोजगारको अवसर मिल्ने भएकाले आर्थिकरूपमा पनि थप टेवा पुग्ने अपेक्षा गरिएको उनले बताए । यस वर्ष करीब रु तीन लाख बराबरको आम्दानी गर्ने उनको अपेक्षा रहेको छ । तिहारमा बाह्य देशबाट आउने फूल रोक्न सकिएमा फूलको व्यवसायले रोजगारको अवसरसँगै आर्थिक उपार्जन गर्न सहज हुने देखिएको छ ।

स्थानीयस्तरमा उत्पादित फूलको प्रयोग गरेर कृषकलाई प्रोत्साहनस्वरूप सहयोग गर्न गाउँपालिकाका सबै किसानलाई आग्रह गरिएको म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताए ।

फूल आयातमैं बर्सेनि ठूलो रकम विदेशिने प्रथालाई रोक्न र फूलमा आत्मनिर्भर बनाउनका लागि स्थानीय तहले फूलखेतीलाई प्राथमिकता दिन आवश्यक रहेको उनको भनाइ छ ।







**बालबच्चासहित त्रिपालमा :** नलगाड नगरपालिका–३ चावलेचौरकी निरुता रानाबुढाको गत शुक्रवार गएको जाजरकोट भूकम्पका कारण दुईवटा घर भत्किएपछि बालबच्चासहित चामलको थैलाको त्रिपाल बनाएर ओत लाग्दै साथै भूकम्पबाट प्रभावितलाई पठाउनका लागि तयारी अवस्थामा राखिएका आवश्यक खाद्यान्न सामग्री । तस्वीरः रासस

## फरक समाचार

### साउदी अरबले नयाँ शहर बसाउने

पानीमा नयाँ शहर बसाउने नियोम प्रोजेक्टको तयारीबीच साउदी अरबले एउटा अर्को घोषणा गरेको छ । साउदी अरबले एउटा अर्को मेगासिटी बनाउँदैछ । जसमा लन्डनजस्तो भव्य वाटरफ्रन्ट हुनेछ । नयाँ शहरको नाम मराफी हुनेछ र



यसलाई जेद्दाहमा बसाइने भएको छ । यो शहर आफैंमा विशेष हुनेछ र यहाँ १.३० लाख व्यक्ति बस्न सक्नेछन् । ११ किलोमिटर लामो टनल हुनेछ । यसको तयारी रोशन ग्रुपले गर्दैछ । यसभन्दा पहिले साउदी अरबले नियोम प्रोजेक्टको घोषणा गरेको थियो । यो शहर विकसित गर्ने तयारी भइरहेको छ । शहरको नाम ‘द लाइन सिटी’ हो ।

साउदी अरबले पर्यटन व्यवसायलाई विकसित गर्ने तयारी अन्तर्गत मराफी शहर बनाउने घोषणा गर्दैछ । यो शहर जेद्दाहको रेगिस्तानमा बनाइनेछ । अल अरबियाको रिपोर्ट अनुसार मेगासिटी बसाउनुको पछाडि समुद्रजस्तो माहोललाई यहाँको ऐतिहासिक शहरसँग जोड्नु हो । ११ किलोमिटर लामो नहर बनाइनेछ, जुन यस देशको पहिलो यस्तो नहर हुन्छ, शहरको बीचमा पानीको माध्यमबाट मैरिन लाइफ विकसित गरिनेछ ।

यहाँ बनाइने वाटरफ्रन्ट शिकागो, स्टकहोम र सेन्ट्रल लन्डनसरह भव्य हुने । यस शहरलाई वाटरटैक्सी, बस र सबवेबाट जोडिनेछ । यहाँ पुग्ने सीधा बाटो भनेको किङ अब्दुल अजीज इन्टरनेशनल एयरपोर्ट हुनेछ ।

रोशन ग्रुपका सिइओ डेभिड ग्रोवरले भने, मराफी रियल स्टेट विकास क्षेत्रमा एउटा गेमचेन्जर हुनेछ । यसले नयाँ इतिहास रच्दै गुणस्तरीय जीवनलाई बढावा दिनेछ । देशको सम्पन्न अर्थव्यवस्था बनाउने भिजन सन् २०३० लक्ष्यलाई प्राप्त गर्ने नयाँ पाइला हुनेछ ।

सन् २०१६ मा मोहम्मद बिन सलमानले तीन लक्ष्यको साथ भिजन २०३० शुरू गरेका थिए । अर्थव्यवस्थामा विविधता ल्याउनु, समाजलाई आधुनिकीकरण गर्नु र देशको वैश्विक प्रोफाइल बढावा दिनु उनको लक्ष्य थियो ।

द सनको रिपोर्ट अनुसार भिजन २०३० लाई ध्यानमा राख्दै यहाँ लेयजा नामक भव्य होटल परिसर निर्माण भइरहेको छ ।

### युटचुबमा पनि चैट जिपिटीजस्तो एआई टुल

दुनियाको अग्रणी भिडियो शेयरिङ प्लेटफर्म युटचुबले आफ्नो प्लेटफर्ममा एआई टुल्स, विशेष रूपले चैट जिपिटीलाई एकीकृत गर्ने आफ्नो योजनाबारे



घोषणा गरेको छ । यसबाट उपयोगकर्ताले भिडियोको साथै इन्टरैक्ट गर्ने तरीकामा पनि क्रान्तिकारी परिवर्तन आउने र बढी आकर्षक र जानकारीपूर्ण अनुभव हासिल हुने आशा गरिएको छ ।

चैट जिपिटी जस्तो एआई टुललाई सामेल गर्ने युटचुबको निर्णय उपयोगकर्ताको अनुभव बढाउनको लागि प्लेटफर्मले प्रतिबद्धता दर्शाएको छ । चैट जिपिटी ओपनएआईद्वारा विकसित एउटा उन्नत एआई मोडेल हो, जसमा मानवजस्तो पाठ प्रतिक्रियालाई बुझ्न र उत्पन्न गर्नेको लागि डिजाइन गरिएको हो ।

चैट जिपिटीलाई युटचुबमा एकीकृत गर्नाले उपयोगकर्ताले पूर्णरूपले नयाँ तरीकाबाट भिडियो हेर्न पाउने बताइन्छ । यसबाट कुराकानी गर्न सम्भव हुनेछ । दर्शकले प्रश्न सोध्ने र स्पष्टीकरण माग्न सक्छन् र तुरुन्त प्रतिक्रिया प्राप्त गर्न सक्छन्, यो सुविधा सामग्री निर्माता र उनीहरूका दर्शकको बीचको दूरी कम हुनेछ र भिडियो हेर्नुको साथै त्यसबारे जानकारी पनि प्राप्त गर्न सक्छन् ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा

### इडलीमा के हुन्छ ?



इडली दक्षिण भारतको परिकार हो । तर यो निकै स्वादिलो र पौष्टिक पनि हुन्छ । इडली खानुका फाइदाः

- इडलीमा क्यालोरीको मात्रा कम हुन्छ ।
- पाचन प्रक्रिया राम्रो हुन्छ ।
- लामो समयसम्म पेट भरेको महसूस हुन्छ ।
- फाइबरले भरिपूर्ण हुन्छ ।
- कार्बलाई नियन्त्रित गर्छ ।
- आयरनबाट भरिपूर्ण हुन्छ ।

## अन्तर्राष्ट्रिय समाचार

# एक करोड अस्ट्रेलियाली इन्टरनेट र फोन सेवाबाट वञ्चित

सिड्नी, २२ कात्तिक/एएफपी

मुलुकको सबैभन्दा ठूलो सञ्चार कम्पनीमध्ये एउटा कम्पनीमा अज्ञात अवरोधका कारण बुधवार एक करोडभन्दा बढी अस्ट्रेलियाली इन्टरनेट र फोन सेवाहरूबाट वञ्चित भएका छन्।



तस्वीरः एजेन्सी

उक्त रहस्यमय गडबडीका कारण इलेक्ट्रोनिक भुक्तानी प्रणाली क्षतिग्रस्त हुँदा एम्बुलेन्स र प्रहरीले प्रयोग गर्ने फोन लाइन अवरुद्ध भयो भने मुलुकको सबैभन्दा ठूलो शहर मेलबर्नमा भीडभाड हुने रेलहरू केही समयका लागि रोकिए।

सिङ्गापुरको दूरसञ्चार कम्पनी सिङ्गटेलको सहायक कम्पनी अप्टसले बुधवार दिउँसो केही सेवा पुनर्स्थापित गरिएको बताएको छ। यद्यपि उसले गडबडीको कारण बताउन सकेको छैन। "हाम्रो टोलीले अहिले पनि सम्भावित मार्गमा काम गरिरहेको छ, हामीसँग धेरै विकल्प थिए र अहिलेसम्म हामीले जति परीक्षण गर्‍यौं र नयाँ कार्य गर्‍यौं तिनको मूल समस्या समाधान गर्न सकेका छैनौं"–कम्पनीका प्रमुख कार्यकारी केली बेयर रोजमरिनले राष्ट्रिय प्रसारक एबिसीलाई भने–"मूल समस्या र पुनःस्थापनाको समय थाहा भएपछि हामी चाँडोभन्दा चाँडो सबैलाई अपडेट गराउने छौं।"

उनले ह्याकिङका कारण सेवा अवरुद्ध भएको कुनै सङ्केत दिएनन्। ठीक एक वर्ष पहिले साइबर आक्रमणमा ९० लाखभन्दा ग्राहकको व्यक्तिगत डाटा चोरी भएको थियो। छुट्टै विज्ञप्तिमा कम्पनीले सबै सेवा पुनः सञ्चालन गर्न केही घण्टा लाग्न सक्ने बताएको छ। अस्ट्रेलियाली सरकारले मोबाइल फोन, ल्यान्डलाइन र ब्रोडब्यान्ड इन्टरनेट प्रभावित भएको बताएको छ।

एक करोडभन्दा बढी ग्राहक भएको अस्ट्रेलियाको दोस्रो सबैभन्दा ठूलो दूरसञ्चार कम्पनी अप्टसले स्थानीय समय अनुसार बिहान करीब ४:०५ बजे सेवा अवरुद्ध भएको थाहा पाएको बताएको छ। इन्जिनीयरहरू समस्या समाधान गर्न प्रयास जारी राख्दा नौ घण्टासम्म समस्याले अप्टस नेटवर्कलाई दुःख दियो। रासस

# उत्तर कोरियाली हतियार रूसलाई हस्तान्तरण भएकोमा जी–७ को निन्दा

टोक्यो, २२ कात्तिक/एएफपी

जी–७ का विदेशमन्त्रीहरूले उत्तर कोरियाली हतियार रूसलाई हस्तान्तरण भएकोमा 'कडा निन्दा' गरेको जापानले बुधवार बताएको छ।

जापानको विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ–"उत्तर कोरियाको लगातारको ब्यालेस्टिक मिसाइल प्रक्षेपणका साथै रूसलाई हतियार हस्तान्तरणप्रति जी–७ का विदेशमन्त्रीहरूले कडा निन्दा गर्नुभएको छ, यसले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रासङ्गिक प्रस्तावहरूको उल्लङ्घन गरेको छ।"

युक्रेनसँग भइरहेको युद्धमा प्रयोग गर्नका लागि उत्तर कोरियाले रूसलाई १० लाखभन्दा बढी तोप प्रदान गरेको र त्यसको बदलामा प्योङयाङले स्याटेलाइट प्रविधिमा सल्लाह लिइरहेको देखिएको सोलको जासूसी एजेन्सीलाई उद्धृत गर्दै दक्षिण कोरियाका एक सांसदले यसै महीनाको शुरूमा बताएका थिए।

दुवै देशका नेताहरू किम जोङ उन र भ्लादिमिर पुटिनले सेप्टेम्बरमा रूसको सुदूर पूर्वमा एउटा उच्चस्तरको शिखर सम्मेलन आयोजना गरेका थिए। त्यसपछि प्योङयाङले मस्कोलाई हतियार दिन शुरू गरेको वाशिंगटनले दाबी गरेको थियो।

आक्रामक हुँदै गएको चीनसँग कसरी राम्रो तरीकाले संलग्न हुन सकिन्छ भन्नेबारे पनि जी–७ को बैठकमा चर्चा भएको थियो।

"विश्वव्यापी चुनौतीहरूका साथै साझा चासोका क्षेत्रमा चीनसँग मिलेर काम गर्ने आवश्यकता स्वीकार गर्दै विदेशमन्त्रीहरूले चीनसँग स्पष्टरूपमा संलग्न हुने र आफ्ना चासो सीधै व्यक्त गर्ने कुराको महत्त्व एकपटक पुनः पुष्टि भएको छ"–जापानले भनेको छ। रासस

# अमेरिकासँग 'सबै तहमा' सम्बन्ध सुधार गर्न चीन तयार छ –उपराष्ट्रपति

सिङ्गापुर, २२ कात्तिक/एएफपी

चीनका उपराष्ट्रपति हान झेङले बुधवार अमेरिकासँग 'सबै तहमा' कुराकानी गर्न चीन तयार रहेको बताएका छन्। आगामी साता सान फ्रान्सिस्कोमा चिनियाँ राष्ट्रपति सी जिनपिङ र उनका अमेरिकी समकक्षी जो बाइडेनबीच अपेक्षित शिखर सम्मेलन हुनुभन्दा अघि उनको यस्तो धारणा आएको हो।

सिङ्गापुरमा ब्लुमबर्ग न्यु इकोनमी फोरममा बोल्दै उपराष्ट्रपति झेङले बेइजिङ र वाशिङ्टनबीच हालैको उच्चस्तरीय बैठकहरूले सम्बन्धमा सुधार भइरहेको 'सकारात्मक सङ्केत' दिएको बताए। "हामी सबै तहमा अमेरिकासँग सञ्चार र संवाद सुदृढ बनाउन, पारस्परिक लाभका सहयोग अघि बढाउन, मतभिन्नताको उचित व्यवस्थापन गर्न र संयुक्तरूपमा वैश्विक चुनौतीहरूको समाधान गर्न तयार छौं"–उनले भने।

निर्यात नियन्त्रण, मानव अधिकार र राष्ट्रिय सुरक्षालगायत थुप्रै मुद्दामा वाशिङ्टन र बेइजिङबीचको सम्बन्ध हालैका वर्षमा सबैभन्दा निम्तस्तरमा पुगेको छ। तर दुवै पक्ष कुरा मिलाउन इच्छुक रहेको देखिन्छन्। वाशिङ्टनले सञ्चारलाई सुदृढ बनाउन यसै वर्ष थुप्रै शीर्ष अधिकारीहरूलाई बेइजिङ पठाएको छ।

अमेरिकी राष्ट्रपति बाइडेनले 'रचनात्मक' वार्ताका लागि आगामी साता सान फ्रान्सिस्कोमा शिखर सम्मेलनका अवसरमा चिनियाँ नेता जिनपिङसँग भेट हुने अपेक्षा गरेको बताएका छन्। यद्यपि अमेरिका–चीन सम्बन्धको प्रश्नले 'मानवताको भविष्य निश्चित गर्छ' भन्ने राष्ट्रपति जिनपिङको विचारलाई उपराष्ट्रपति झेङले बुधवार दोहोर्‍यासँगै बेइजिङले शिखर बैठकको पुष्टि गर्न बाँकी छ। उनले भने–"दुवै मुलुकका लागि आफूलाई विकसित गर्न र समृद्ध गर्न विश्व ठूलो छ।" रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – शत्रुभय | वृष – कार्यनाश |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – धनखति | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – मनोरञ्जन |
| धनु – सफलता | मकर – अस्वस्थता |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


**जीर्ण हुलाक कार्यालयः** ललितपुर पाटन दरबारटोलस्थित जीर्ण अवस्थामा रहेको इलाका हुलाक कार्यालय। तस्बिरः अर्चना झा/रासस

# उच्च अदालतको आदेश : पोखराको लेकसाइड २४ घण्टा खोल्न दिनु

कास्की, २२ कात्तिक/रासस

उच्च अदालत पोखराले पोखराको पर्यटकीय क्षेत्र लेकसाइडलाई २४ घण्टा नै खुला गर्न दिन अल्पकालीन आदेश दिएको छ।



तस्वीरः फाइल

उच्चका कायममुकायम मुख्य न्यायाधीश राजनप्रसाद भट्टराईको एकल इजलासले आज लेकसाइडमा भएका व्यापार–व्यवसाय निरन्तर खोल्न दिन जिल्ला प्रशासन कार्यालय, कास्कीलाई अन्तरिम आदेश दिएको हो।

यसअघि व्यापार–व्यवसाय सञ्चालनमा रोक नलगाउन मागसहित स्थानीय देवीकुमारी बरालले अदालतमा निवेदन दिएकी थिइन्। बरालले दिएको रिट निवेदन उपर बहसपछि अदालतले अन्तिम निर्णय नहुन्जेलसम्मका लागि कानूनविपरीतको कार्य भएको अवस्थामा बाहेक कानूनबमोजिम व्यापार–व्यवसाय गर्न रोक्ने, रोक्न लगाउने कार्य नगर्न इजलासबाट आदेश भएको अदालतका उपरजिस्ट्रार एवं सूचना अधिकारी विश्वनाथ अर्यालले जानकारी दिए।

अर्यालका अनुसार निवेदकलाई कानूनबमोजिम व्यापार–व्यवसाय गर्न रोक्ने, रोक्न लगाउने कार्य नगर्नु नगराउनु भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८ बमोजिम विपक्षीका नाममा अन्तरिम आदेश गरिएको हो।

अदालतले निवेदन माग अनुसारको आदेश जारी हुनु नपर्ने भए आधार, कारण एवं प्रमाणसहित म्याद सूचना भएको मितिले १५ दिनभित्र विपक्षीका हकमा उच्च सरकारी वकील कार्यालय पोखरामार्फत, लिखित जवाफ पेश गर्न विपक्षीलाई आग्रह गरेको छ।

रिटमा निवेदकले गृह प्रशासन सुधार कार्ययोजना २०७४ को बुँदा नम्बर २५ मा ठमेल, दरबारमार्ग, पोखराको लेकसाइडजस्ता पर्यटकको आवागमन बढी हुने क्षेत्रहरूमा २४ घण्टा बजार खुला रहने गरी आवश्यक सुरक्षाको प्रबन्ध गरिनेछ भन्ने व्यवस्था भएको दाबी थियो। यसअघि रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता मोहननाथ कोइराला, अधिवक्तात्रय शिवराज वाग्ले, दीपक पराजुली र दिनेश आचार्यले पक्षमा बहस गरेका थिए।

## 'संविधानप्रदत्त अधिकार ...

प्रधानमन्त्रीलाई पटकपटक ध्यानाकर्षण गराउँदा पनि कुनै सुनुवाइ नभएकाले आफूहरू झस्केको उनको भनाइ थियो।

त्यसैगरी, प्रदेश सरकारका गृह, सञ्चार तथा कानूनमन्त्री मोहम्मद समिमले ३० दिनभित्र आफ्ना माग सुनुवाइ नगरिए जिल्लादेखि केन्द्रसम्म चरणबद्ध आन्दोलनमा उत्रिने तयारी भएको बताए।

"तपाईंहरूले मुख्यमन्त्रीबाट पनि सुनिसक्नुभयो। अब वारपारको लडाइँ शुरू हुन्छ, कुनै पनि बहानामा अधिकार रोक्न र खोस्न पाइँदैन। त्यसैले ३० दिनभित्र माग सुनुवाइ नभएमा काठमाडौं र प्रदेशका सबै जिल्लाबाट आन्दोलन गर्छौं। यसमा सत्तारूढ सबै दल र प्रतिपक्षी नेकपा (एमाले)को पनि एकमत छ," मन्त्री समिमले भने।

## कोप-२८ ...

वीरेन्द्रप्रसाद महतोको अग्रसरतामा युएई सरकारले नेपाललाई निश्शुल्क प्रदान गरेको हो। मन्त्री महतोले हालसम्मका जलवायु सम्मेलनमा नीतिनियम र आपसी समन्वयको कमीलगायत कारणले प्रभावकारी उपलब्धि हासिल गर्न नसकिएको बताउँदै आगामी दिनमा यसअघि भएका कमजोरी नहुने गरी काम भइरहेको बताए। कार्बन व्यापारको लाभ लिने सम्बन्धमा काम गर्ने संयन्त्र, विज्ञ, प्रविधि र प्रयोगशालाको कमी रहेको उल्लेख गर्दै मन्त्री महतोले यसमा पनि पूर्ण लाभ लिने गरी तयारी शुरू गरिएको बताए। नेपालले अन्तर्राष्ट्रियरूपमा गरेका प्रतिबद्धता अनुसार वातावरण संरक्षण गरेको बताउँदै अब विकसित र धनी देशहरूले वाचा गरे अनुसार क्षतिपूर्ति प्रदान गर्नुपर्ने उनले तर्क गरे।

संयुक्त अरब इमिरेट्स (युएई)को दुबईमा हुन लागेको यो सम्मेलन अन्य दृष्टिकोणले नेपालका लागि थप महत्त्वपूर्ण हुने बताइएको छ। सम्मेलनको पूर्वसन्ध्यामा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले यही कात्तिक १२ गतेदेखि नेपालको चार दिने औपचारिक भ्रमण गरेका थिए। उनले भ्रमणका क्रममा जलवायु परिवर्तनको विषयलाई दिएको प्राथमिकताले पनि यस सम्मेलनमा नेपाललाई आफ्ना विषय उजागर गर्न सहज हुने बताइएको छ।

कोप–२८ मा नेपालले उठाउने जलवायु वित्त, अनुकूलन, जलवायुजन्य हानिनोक्सानीका लागि कोषको व्यवस्थापन, हिमाल र पर्वतीय मुद्दा, उत्सर्जन कटौती र समावेशितालगायत सवालमा केन्द्रित भई राष्ट्रिय स्थितिपत्र तयार गर्ने कार्य अन्तिम चरणमा रहेको मन्त्रालयले जनाएको छ।

मधेस प्रदेश सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## स्वास्थ्य कार्यालय, पर्सा

वीरगंज

## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८०/०७/२३

यस कार्यालयको मिति २०८०/०६/२४ तथा म्याद थप भएको मिति २०८०/०७/०३ गतेको प्रतीक दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार डेङ्गु रोगको नियन्त्रण कार्यको लागि 'औषधि BTI खरीद गर्नको लागि सिलबन्दी दरभाउपत्र आह्वान गरिएकोमा तोकिएको म्यादभित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरूमध्ये तपसिलबमोजिमका दरभाउपत्रदाताको सिलबन्दी दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ उपदफा २ र ३ बमोजिम सोही ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सिनं | सिलबन्दी दरभाउपत्र नं | खरीद योजनाको नाम | छनोट भएको सिलबन्दी दरभाउपत्रदाताको नाम तथा ठेगाना | कबोल रकम मूअकरसहित रु |
|---|---|---|---|---|
| १ | १–२०८०/०८१ | डेङ्गु रोगको नियन्त्रण कार्यको लागि औषधि BTI खरीद | श्री बायो केयर प्रा.लि., चन्द्रागिरी, काठमाडौं | ३४,७२,९४२/– |

# एमाले र काङ्ग्रेसको शुभकामना कार्यक्रम

प्रस, पोखरिया, २२ कात्तिक/

दीपावली र छठ पर्वको उपलक्ष्यमा नेकपा एमाले नगर कमिटीले पोखरिया नगरपालिका-४ मा शुभकामना कार्यक्रम गरेको छ।


तस्वीरः प्रतीक

कार्यक्रमका प्रमुख अतिथि सांसद राजकुमार गुप्ताले निर्वाचनमा प्रतिबद्धता गरिएका विकास निर्माणका काम सरकारको कारणले पूरा गर्न नसकेको बताए। उनले बजेट बनाउने बेलामा पर्सा जिल्लाको लागि पेश गरिएको बजेट अहिलेको सरकारले पारित नगरेको आरोप लगाए।

उनले यो सरकार पतन हुने र नयाँ सरकारको गठनपछि आफूले गरेका वाचा पूरा गर्ने बताए। उनले चाडपर्व सभ्यरूपमा मनाउन आग्रह गरे।

नेता शिव पटेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा सबै अधिकार स्थानीय सरकारलाई दिइकोले अरूलाई दोष लगाउनु उचित नभएको बताए। उनले सबै पार्टीसँग मिलेर हिंड्ने नेताले नै भोलिका दिनमा काम गर्न सक्ने बताए।

नगर कमिटी अध्यक्ष विन्ध्याचल ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा शिव पटेल, बिचारी यादव, जयप्रकाश थारू, नगरप्रमुख प्रद्युम्न चौहान, अरविन्द सिंह, मन्जुर आलम, नेजामुद्दीन समानी, खलिल मियाँ, जालिम मियाँ, हरिनारायण रौनियार, वडाध्यक्ष प्रमोद गिरी, राजेश रौनियार, विश्वनाथ साह, नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष पन्नालाल पटेललगायतले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रममा उपप्रमुख रूबी ठाकुर, लक्ष्मी कुशवाहा,



वडाध्यक्षहरू महम्मद निजाम, शिक्षक सङ्गठनका पदाधिकारी लगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत सन्तोष गिरी तथा सञ्चालन विनोद गिरीले गरेका थिए।

यसैगरी, नेपाली काङ्ग्रेस बाराले प्रसौनी गाउँपालिका-६ बेलहिया प्रस्टोकामा शुभकामना कार्यक्रम सम्पन्न गरेको छ।

नेका एकाइ सभापति गौरीशङ्कर साहको अध्यक्षता तथा नेपाली काङ्ग्रेस बाराका सभापति राजेशराय यादवको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सुनील गुप्ता, लोकेश सिंह, नन्देश सिंह, नाजिर अन्सारी, तरुण दलका केन्द्रीय सदस्य राजकिशोर गुप्ता, तरुण दल बाराका सभापति दीपेन्द्र पटेल, दीपककुमार साह, सौरभ गुप्ता, शुभनारायण गुप्तालगायतले मन्तव्य व्यक्त गरेका थिए।


## चाडपर्वको बेला सुरक्षित यात्रा गरौ।

- चाडपर्वमा यात्रीको चाप बढ्ने भएकोले,
- पर्याप्त सङ्ख्यामा र नियमितरूपमा सवारीसाधन सञ्चालन गरौं,
- सवारीसाधनमा अनावश्यक भीडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्री नबोकौं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## प्रथम वीरगंज गोल्डकपः आयोजक भेट्रान्स सेमिफाइनलबाट बाहिरियो

प्रस, वीरगंज, २२ कात्तिक/

भेट्रान्स सिटी क्लब, वीरगंजद्वारा आयोजित प्रथम वीरगंज गोल्डकप २०८० को सेमिफाइनलमा आयोजक भेट्रान्स सिटी क्लब, वीरगंज नेपाल पुलिस क्लबसँग टाइब्रेकरमा पराजित भएको छ।


तस्वीरः प्रतीक

आदर्शनगर रङ्गशालामा बुधवार आयोजित पहिलो सेमिफाइनल खेलमा निर्धारित समयमा दुवै टीमले गोलरहित बराबरी खेले। थप समयमा पनि गोल हुन नसकेपछि टाइब्रेकरबाट निर्णय भएको थियो। टाइब्रेकरमा पनि दुवै टीमले समान गोल गर्दा बराबरी भयो। पाँचवटा प्रहारमा वीरगंजका दुईवटा प्रहारलाई नेपाल पुलिसका गोलकीपर शत्रुघ्न चौधरीले रोके भने भेट्रान्स सिटीका गोलकीपर राजु नगरकोटीले पनि नेपाल पुलिसका दुईवटा गोल रोकेका थिए।

त्यसपछि पुनः दुई/दुई गोलको टाइब्रेकरमा भेट्रान्स सिटी क्लबको एउटा प्रहार पोलबाहिर गयो भने अर्को गोल भयो। नेपाल पुलिसको दुवै गोल सफल भएपछि उसले फाइनलको यात्रा तय गरेको थियो। आजको खेलको 'म्यान अफ दी म्याच' नेपाल पुलिसका गोलकीपर शत्रुघ्न चौधरी घोषित भए।

भोलि बिहीवार दोस्रो सेमिफाइनल खेल सङ्कटा क्लब, काठमाडौं र त्रिभुवन आर्मी काठमाडौंबीच हुनेछ।

## परसवा गोल्डकपः निचुटा युथ क्लब फाइनलमा

प्रस, सेढवा, २२ कात्तिक/



तस्वीरः प्रतीक

जीराभवानी गाउँपालिका-३ मा जारी परसवा गोल्डकप-२०८० मा निचुटा युथ क्लबले सेढवालाई टाइब्रेकरमा पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ। बुधवार पहिलो सेमिफाइनलमा निचुटा र सेढवा निर्धारित ९० मिनेटको खेल गोलरहित भयो। खेलको निर्णय टाइब्रेकरबाट गर्दा निचुटाले चार गोल गऱ्यो भने सेढवाले तीन गोल मात्र गर्न सक्यो।

निचुटाका गोलकीपर दिलमणि चौधरीले सेढवाका दुईवटा प्रहार रोके भने सेढवाका गोलकीपर प्रन्ती गजेन्द्रले निचुटाको एउटा मात्र गोल रोक्न सके। आजको खेलको 'म्यान अफ दी म्याच' निचुटाका गोलकीपर चौधरी घोषित भए। उनलाई आयोजक संस्थाका अध्यक्ष उमाकान्त चौधरीले ट्रफी प्रदान गरेका थिए। भोलि बिहीवार दोस्रो सेमिफाइनल खेल भारतको जय हिन्द एभरेस्ट क्लब, इनर्वा र बाराको त्रिशूल युवा क्लब, बकुलियाबीच हुने अध्यक्ष चौधरीले बताए।

# 'संविधानप्रदत्त अधिकार कार्यान्वयनको प्रक्रिया थाल्न आग्रह'

जनकपुरधाम, २२ कात्तिक/रासस

मधेस प्रदेश सरकारले प्रहरी समायोजनलगायत प्रदेश प्रहरी प्रशासन र शान्तिसुरक्षासँग सम्बन्धित संविधानप्रदत्त अधिकार कार्यान्वयनका लागि ३० दिनभित्र ठोस प्रक्रिया अगाडि बढाउन सङ्घ सरकारलाई आग्रह गरेको छ।

बुधवार जनकपुरधाममा पत्रकार सम्मेलन गरी मुख्यमन्त्री सरोजकुमार यादवले संविधान बनेको आठ वर्ष र प्रदेश सरकार बनेको छ वर्ष भइसक्दा पनि संविधानको एकल सूचीमा रहेको पहिलो अधिकार नै नपाएको र त्यसका लागि पटकपटक ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नभएकाले समयसीमा तोकेरै माग अगाडि सारेको बताए।

"प्रदेश सरकारले शासन गर्न थालेको छ वर्ष भइसक्यो तर प्रहरी प्रशासनसँग सम्बन्धित एकल अधिकार दिन सङ्घ सरकार तयार छैन। त्यसैले हामीलाई काम समस्या भइरहेको छ," मुख्यमन्त्री यादवले भने, "यो विषयमा आन्दोलन, कानूनी प्रतिवाद र विभिन्न औपचारिक/अनौपचारिक माध्यमबाट सरकारको नेतृत्वकर्तालाई पटकपटक आग्रह गर्दा पनि कुनै सुनुवाइ भएन। त्यसै कारण योपटक वारपारको लडाइँ लड्ने गरी हामीले आन्दोलन गर्नुपर्ने निष्कर्षमा पुगेका छौं।"

सरकारको ध्यानाकर्षणका लागि पहिलो चरणमा बिहीवार बिहान १०:३० बजे आफूसहित प्रदेशका सबै मन्त्रीले काठमाडौंमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाउने र ३० दिनभित्र माग पूरा नभए वारपारको आन्दोलन गर्ने सर्वदलीय समझदारी बनेको पनि मुख्यमन्त्री यादवले जानकारी दिए।



तस्वीरः फाइल

मुख्यमन्त्री यादवले भने, "सङ्घीयता आयो, प्रदेश सरकार पनि बन्यो तर शासन गर्न अत्यावश्यक प्रहरी समायोजन, निजामती कर्मचारी ऐन, वन, शिक्षा, स्वास्थ्यलगायत महत्त्वपूर्ण अधिकार केन्द्रकै नियन्त्रणमा छ। पटकपटक आग्रह गर्दा पनि कुनै सरकारले पनि त्यसमा तदारूकता देखाएको छैन। त्यसैका विरुद्ध निकास निस्किने गरी अन्तिम लडाइँ लड्छौं।"

अघिल्लो कार्यकालमा गृहमन्त्रीले अनशन बस्ने, प्रदेश सरकारले सङ्घीय सरकारविरुद्ध सर्वोच्च अदालतको संवैधानिक इजलासमा मुद्दा दायर गर्ने र आफू नेतृत्वको सरकार बनेपछि समेत

(बाँकी पाँचौं पातामा)

# जनकपुरमा अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलन शुरू

जनकपुरधाम, २२ कात्तिक/रासस

धनुषाको जनकपुरधाममा बुधवारदेखि तीन दिवसीय अन्तर्राष्ट्रिय आयुर्वेद संगोष्ठी (सम्मेलन) शुरू भएको छ।

महेन्द्रनारायण निधि संस्कृति केन्द्रमा आज सम्मेलनको उद्घाटन गर्दै बोधीसत्त्व स्वामी आनन्द अरुणले विश्वमा देखा परेका जटिल स्वास्थ्य समस्या समाधानमा आयुर्वेद चिकित्सा पद्धति सहयोगीसिद्ध हुन सक्ने भन्दै यसको प्रवर्द्धनका लागि सबैले ध्यान दिनुपर्नेमा जोड दिए।

नेपाल वैदिक सनातन धर्म परम्पराको देश मात्रै नभएर आयुर्वेदको समेत पवित्र भूमि रहेको भन्दै उनले यहाँको परम्परागत चिकित्सा, बहुमूल्य जडीबुटीहरूको उचित प्रयोग हुन सके नेपाल र सिङ्गो मानवजगत् लाभान्वित हुन सक्ने बताए।

कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पठाएको शुभकामना सन्देश मरिससबाट आएका डा ज्ञानेश्वर सिंहले वाचन गरे। सन्देशमा प्रधानमन्त्रीले आयुर्वेद दिमाग, शरीर र आत्माबीचको सन्तुलन कायम गर्नका लागि परापूर्वकालदेखि नै महत्त्वपूर्ण माध्यम बनिरहेको भन्दै विश्व मानव कल्याणका लागि आदिम आयुर्वेद परम्पराको संरक्षण, त्यसको समयसापेक्ष गुणस्तरीय विकास तथा नियमन जरुरी रहेको बताएका छन्।

विश्वका १७ देशबाट आएका आयुर्वेदका जानकारसहित करीब छ सयजना सहभागी रहेको सम्मेलनमा आधुनिक चिकित्सा प्रणालीमा आयुर्वेदको महत्त्व, आयुर्विज्ञानका क्षेत्रमा भएका अध्ययन, अनुसन्धानबारे छलफल हुने सम्मेलन आयोजक समितिका संयोजक डा राकेशकुमार सिंहले बताए।

ब्रह्मभूमि हेल्थ रिसर्च सेन्टर, नेपाल आरोग्य सङ्गठन, ब्रह्मभूमि आयुर्विज्ञान अनुसन्धान संस्थानले संयुक्तरूपमा सम्मेलन आयोजना गरेका हुन्।